बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय

२०७५ धुलिखेल, काभ्रेपलाञ्चोक

प.सं. ०७९।८०

च.नं. १२४८

मितिः २०७९।११।२८

**विषयः- सुचना पठाईएको सम्बन्धमा ।**

**श्री धुलीखेल न.पा./वनेपा न.पा./पाँचखाल न.पा./मन्डनदेउपुर न.पा./पनौति न.पा. नमोवुद्ध न.पा/रोशि गा.पा./भुम्लु गा.पा./चौरीदेउराली गा.पा./तेमाल गा.पा./महाभारत गा.पा./खानिखोला गा.पा./वेथानचोक गा.पा.,काभ्रेपलाञ्चोक**

प्रस्तुत विषयमा, डिभिजन वन कार्यालय काभ्रेपलाञ्चोकको आ.व. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम सन्चालनका लागी चेष्टा साप्ताहीक पत्रिकामा फागुन १८ गते प्रथाम पटक प्रकाशित सुचनाको छाँयकपी यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ । विभिन्न सेवाग्राही, हितग्राही, उपभोक्ता समुह, निजि कृषक तथा स्थानीय पालीकाहरु संग साझेदारीमा सन्चालन हुने प्रकाशित सुचना बमोजिमका कार्यक्रम प्रभावकारी र प्रतिस्पर्धात्मक तवरले सन्चालन गर्न आवश्यक सहयोगका लागी सादर अनुरोध छ । सर्वसाधारणको जानकारीका लागी प्रकाशित सुचना ताँहा पालीकाको सुचाना पटीमा टाँस गरीदिनुहुन समेत अनुरोध छ ।

(गौरब भट्ट)

सहायक वन अधिकृत

**बोधार्थः**

सव-डिभिजन वन कार्यालय

खोपासी/जनागाल/महादेवस्थान/चौवास/डराउनेपोखरी/नारायणस्थान/कटुन्जे/साल्मेचाकल : आफ्नो कार्यक्षेत्रमा पर्ने न.पा./गा.पा.मा आवश्यक समन्वय गरी सेवाग्राही, हितग्राही, उपभोक्ता समुह, निजि कृषक तथा स्थानीय पालीकाहरु मार्फत कार्यक्रम कार्यानवयनका लागी प्रस्तावना तयारी गरी पेश गर्ने कार्यमा आवश्यक प्राविधिक सहयोग गर्नुहुन ।

दर्ता नं.

दर्ता मिति

सहायक वन अधिकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक
धुलिखेल, नेपाल
२०७५

## डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोकको प्रस्ताव पेश गर्ने सम्वन्धि

# सूचना ! सूचना !! सूचना !!!

(चेष्टा साप्ताहीक मा पहिलो पटक प्रकाशित १८ फागुन २०७९)

सुचना नं. वि.०१/२०७९।८०

यस कार्यालयको चालु आर्थिक वर्ष २०७९/०८० को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम र प्रदेश सरकारबाट स्वीकृत तपशिल वमोजिमको कार्यक्रम/क्रियाकलाप उपयुक्त क्षेत्र एवं लाभग्राही छनौट गरी सञ्चालन गर्नुपर्ने भएको हुंदा इच्छुक सम्वद्ध व्यक्ति/कृषक, उद्यमी, सम्वन्धित निकायमा दर्ता भएको फर्म, संघ/संस्था, उपभोक्ता/लाभग्राही समुह, सा.व.उ.स., सहकारी, कम्पनी वा उद्योग (जो जुन कृयाकलापसंग सम्वन्धित छ) बाट पहिलो पटक सूचना निस्केको मितिले ३० दिन भित्रमा यस कार्यालयमा प्रस्ताव सहितको निवेदन पेश गर्न आह्वान गरिएको छ । प्रस्तावना पेश गर्नको निमित्त आवश्यक कार्य क्षेत्रगत शर्तहरु (TOR) तथा प्रस्तावको खाका यस कार्यालयबाट उपलब्ध गराइने छ । प्रस्ताव एवं छेत्र छनौट तथा कार्यान्वयन प्रकृया यससम्वन्धि कार्यविधी बमोजिम हुनेछ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटीमा हेर्नु हुन वा कार्यालय समयमा डिभिजनल वन अधिकृत वा सहायक वन अधिकृत श्री गौरव भट्ट (मो.नं. ९७६२८८८८८६) वा श्री सरिता लामा (मो.नं. ९८५१११०६९२०) सँग फोन सम्पर्क गर्न हुन समेत जानकारी गराइन्छ ।

## तपशिल

### क) प्रदेश सरकारबाट स्विकृत कार्यक्रम :

तपशिल बमोजिमका जडिबुटी प्रजाति तथा फलफुल खेति गर्न इच्छुक निजी जग्गाधनी किसान, सामुदायिक वन उपभोक्ता समुह, कवुलियति वन समुहलाई आवस्यक कागजातहरु संलग्न राखी प्रस्ताव सहितको निवेदन पेश गर्न आहवान गरिन्छ ।

### १. राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम

| सि.नं | क्रियाकलापको नाम | सञ्चालन हुने क्षेत्र | एकाई | परिमाण | बजेट (अधिकतम रु.) | सम्भावित प्रस्तावक |
|---|---|---|---|---|---|---|
| १.१ | कबुलियती वनमा फलफुल ( कागती वा जुनार मध्ये कुनै एक )वृक्षारोपण कार्यक्रम दुई वटा क्लष्टरका २० समुह | जिल्लाभर | हे | ३ | ३,००,००० | कबुलियती वन उपभोक्ता समुह |
| १.२ | कबुलियती वन समूहबाट उत्पादित बिरुवा खरिद गरी अन्य समूहलाई वितरण (निगालो /अमृसो /नेपियिर आदि ) | जिल्लाभर | प्याकेज | १ | ३,००,००० | (निगालो/अमृसो/नेपियिर आदि ) लगाएतकाविरुवा उत्पादन गरेका कबुलियति वन समुहहरु |
| १.४ | बाझो तथा खाली जर्मनीमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार खेती विस्तार | जिल्लाभर | प्याकेज | १ | ५,००,००० | निजि वन धनी /कबुलियती/ सामुदायिक वन उपभोक्ता समुह |
| १.५ | लौठ सल्लाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतको लागि विरुवा खरिद र वितरण | जिल्लाभर | प्याकेज | १ | १०,००,००० | निजी उद्यमी/कृषक । एकै स्थानका वढीमा २-४ जना कृषकको सानोसमुह |
| १.६ | टिमुर र अमलाको एकै स्थानको १०० रोपनी भन्दा बढी क्षेत्रफलको निजी जग्गामा जडिबुटी खेतीको लागि प्लट वृक्षारोपण को लागि विरुवा खरिद र वितरण | जिल्लाभर | प्याकेज | १ | ५,००,००० | निजी उद्यमी/कृषक । एकै स्थानका वढीमा २-४ जना कृषकको सानोसमुह |
| १.७ | हैसियत बिग्रेको वन क्षेत्रमा पुनारोत्पादन प्रबर्दन तथा सम्रक्षण | जिल्लाभर | हेक्टर | २० | ४०,००,००० | सामुदायिक वन उपभोक्ता समुह |
| १.८ | एक सामुदायिक वन एक सम्रक्षण पोखरी (सव डिभिजन मार्फत, सामुदायिक वनको लागत साझेदारी) | जिल्लाभर | प्याकेज | २ | २,००,००० | सामुदायिक वन उपभोक्ता समुह |
| १.९ | स्थानिय तहको सहकार्यमा एक मत एक विरुवा रोपण | जिल्लाभर | प्याकेज | १ | २,००,००० | स्थानीय तह |
| २ | सरक्षण पोखरी निर्माण | जिल्लाभर | प्याकेज | २ | ८,००,००० | कबुलीयती/सामुदायिक वन/स्थानीय तह |
| २.१ | बादर लगायतका वन्यजन्तुबाट हुने कृषिवाली क्षतिको न्यूनीकरण विशेष कार्यक्रम | जिल्लाभर | प्याकेज | १ | ३,००,००० | कबुलीयती/सामुदायिक वन/स्थानीय तह |

**निजी जग्गामा जडिबुटी खेति प्लट वृक्षारोपणका लागि पेश गर्नुपर्ने कागजातहरु**

१. निजी व्यक्ति र कृषक समूहको हकमा नागरिकताको प्रतिलिपि
२. माग निवेदन (वृक्षारोपण गरिने प्रजाति, संख्या, जग्गाको क्षेत्रफल, वृक्षारोपणको उद्धेश्य खुलेको )
३. रोपण गर्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको फोटोकपी र चालू आ.व.मा तिरो तिरेको रसिद
४. सम्बन्धित स्थानिय तह/वडा कार्यालयको सिफारिस
५. सम्बन्धित सव डिभिजन वन कार्यालयको सिफारिस

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय,काभ्रेपलान्चोक
धुलिखेल, नेपाल
२०७५

सहायक वन अधि

**सामदायिक उपभोक्ता समुहकालागि आवस्यक शर्त तथा चाहिने कागजातहरु**

१. सामुदायिक वन कार्ययोजनाको नविकरण भएको हुनुपर्ने ।
२. सामुदायिक वनको स्वीकृत कार्ययोजनामा यस सम्बन्धी व्यवस्था भएको हुनुपर्ने ।
३. सामुदायिक वनको जडिबुटी खेती गरिने क्षेत्रको विवरण ।
४. उप समुह मार्फत हुने भए,संलग्न रहने उप समुहको विवरण (घरधुरी संख्या, उपभोक्ताको नाम र नागरीकता प्रमाणपत्रको प्रतिलिपी) ।
५. सामुदायिक वन समूह र जडिबुटी खेती गर्न इच्छुक समूह/फर्म/सहकारी बिचको कवुलियतीनामा
६. सामुदायिक वन समूहको सहमति निर्णय र पत्र
७. माग निवेदन (वृक्षारोपण गरिने प्रजाति, संख्या, जग्गाको क्षेत्रफल समेत खुलेको )
८. आ.व.०७८/०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन तथा वार्षीक प्रगति प्रतिवेदन ।

## २) वन तथा वातावरण मन्त्रालय संघ शसर्त अनुदान जडबिुटी :

| सि.नं | कृयाकलापको नाम | सञ्चालन हुने स्थान | इकाई | परिमाण | अधिकतम रकम रु. | सम्भावित प्रस्तावक |
|---|---|---|---|---|---|---|
| १ | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | जिल्लाभर | प्याकेज | १ | १०,००,००० | जडिवुटी किसान, जडिवुटी फर्म, जडिवुटी उद्यम, क.ब.,सा.व., |
| २ | जडिबुटी विरुवा उत्पादन तथा खेती विस्तार | जिल्लाभर | प्याकेज | १ | १०,००,००० | जडिवुटी किसान, जडिवुटी फर्म, जडिवुटी उद्यम, क.ब.,सा.व., नर्सरी सन्चालक, ( आवश्यकता अनुसार टुक्राउन सकिने ) |

**पेश गर्नुपर्ने कागजातहरु**

१. आवेदन पत्र
२. सहकारी संस्था/उद्योग दर्ता प्रमाणपत्र
३. करचुक्ता प्रमाणपत्र
४. लेखा परिक्षण प्रतिवेदन ( आ.व.०७८/०७९ को)
५. PAN/VAT को प्रमाण पत्र
६. सम्वन्धित सव-डिभिजन वन कार्यालयको सिफारिस
७. स्थानिय पालिका वा वडा कार्यालयको सिफारिस

नोट : कार्यालयले स्थलगत वस्तुस्थीति, संभाव्यता, आवश्यकता, क्षमताको मुल्याङकनका आधारमा उल्लेखीत प्याकेजको सम्बन्धमा आवश्यक निर्णय लिन सक्नेछ ।